# राष्ट्रिय चुनाव आयोगको
# सूचना

राष्ट्रिय चुनाव आयोगबाट जारी गरिएको देहायको जनमत संग्रह निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## राष्ट्रिय चुनाव आयोग (जनमत संग्रह) निर्देशिका, २०३६

राष्ट्रिय जनमत संग्रह सम्पन्न गर्ने कामको लागि आवश्यक व्यवस्था गर्न राष्ट्रिय चुनाव आयोगले जनमत संग्रह नियमावली, २०३६ को नियम ३४ को अधिकार प्रयोग गरी देहायका निर्देशनहरू जारी गरेको छ ।

१. नाम र लागू : (१) यस निर्देशिकाको नाम "राष्ट्रिय चुनाव आयोग (जनमत संग्रह) निर्देशिका, २०३६" रहेको छ ।

(२) यो निर्देशिका जनमत संग्रह गर्ने काममा संलग्न सम्बन्धित सबैलाई लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा–

(क) "आयोग" भन्नाले राष्ट्रिय चुनाव आयोग सम्झनुपर्छ ।

(ख) "जनमत अधिकृत" भन्नाले जनमत संग्रह नियमावली, २०३६ को नियम ७ बमोजिम नियुक्त भएको वा खटिएको जनमत अधिकृत सम्झनुपर्छ ।

(ग) "मतदान अधिकृत" भन्नाले जनमत संग्रह नियमावली, २०३६ को नियम ७ बमोजिम नियुक्त भएको वा खटिएको मतदान अधिकृत सम्झनुपर्छ ।

३. मतदान केन्द्र : (१) जनमत संग्रह नियमावली, २०३६ को नियम ६ बमोजिमको क्षेत्रअन्तर्गत रहने मतदान केन्द्रको संख्या र ठाउँको सम्बन्धमा आयोगले सम्बन्धित जनमत अधिकृतलाई छुट्टै निर्देशन दिनेछ ।

(२) उप-प्रकरण (१) अन्तर्गत आयोगले दिएको निर्देशनको अधीनमा रही जनमत अधिकृतले आफू नियुक्त भएको क्षेत्रअन्तर्गत रहने मतदान केन्द्रको संख्या र ठाउँ तोक्ने। त्यसरी मतदान केन्द्र रहने ठाउँ तोक्दा त्यस्तो ठाउँको आसपासका जनतालाई पायक पर्ने तथा सुविधाजनक ठाउँमा तोक्नु पर्दछ । जनमत अधिकृतले मतदान केन्द्र तोक्दा यथाशक्य मतदान केन्द्रबाट चारैतिर दुई कोसभन्दा टाढा नपर्ने गरी तोक्नु पर्दछ ।

(३) कारागारमा रहेका मतदाताहरूको लागि जेलरसंग परामर्श गरी निजले भनेको सुरक्षित र उपयुक्त ठाउँमा मतदान केन्द्र राख्नु पर्दछ ।

(४) जनमत संग्रह नियमावलीको नियम १३ बमोजिमका मतदाताहरूको लागि विदेशस्थित शाही नेपाली राजदूतावास, नेपाली वाणिज्य दूतावास र संयुक्त राष्ट्रसंघको लागि नेपाली स्थायी नियोगमा मतदान केन्द्रहरू रहनेछन् ।

६०६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) पाँचसयसम्म मतदाताहरू भएको मतदान केन्द्रमा एकजना मतदान अधिकृत र एकजना सहायक कर्मचारी रहनेछन् । पाँचसयभन्दा बढी मतदाताहरू भएको मतदान केन्द्रमा एकजना मतदान अधिकृत र दुईजना सहायक कर्मचारीहरू रहनेछन् ।

(६) लगभग एकहजारसम्म मतदाताहरू भएको ठाउँमा एक मतदान केन्द्र रहनेछ । एकहजारभन्दा बढी मतदाताहरू भएको ठाउँमा एक मतदान केन्द्रको क्षेत्रभित्रै आवश्यकता अनुसार उप-केन्द्रहरू रहनेछन् । त्यस्ता उप-केन्द्रहरू पनि सोही मतदान अधिकृत कै मातहतमा रहनेछन् र उप-केन्द्रहरूमा २।२ जना सहायक कर्मचारीहरू मात्र रहनेछन् । मतदान केन्द्रको ढाँचा अनुसूची–१ बमोजिम हुनेछ ।

मतदान केन्द्रको क्षेत्र : मतदान अधिकृतले मतदान कार्य शुरू हुनुभन्दा अघि मतदान केन्द्रको चारैतर्फ सामान्यतया लगभग दुईसय गजको फासला हुने गरी मतदान केन्द्रको क्षेत्र घोषणा गरी स्थानीय व्यक्तिहरूको रोहवरमा त्यसको मुचुल्का गराउनु पर्दछ ।

तर विदेशस्थित नेपाली कूटनैतिक नियोग र कारागारमा मतदान केन्द्रको क्षेत्र तोक्दा स्थानीय परिस्थिति अनुसार तोक्नु पर्दछ ।

५. मतदानको सूचना प्रकाशित गर्ने : (१) आयोगले तोकेबमोजिमको मिति र समयमा मतदान कार्य हुने कुराको सूचना सर्वसाधारणको जानकारीको लागि मतदान अधिकृतले मतदान हुनुभन्दा कम्तीमा तीन दिन अगावै सम्बन्धित मतदान केन्द्रको आसपासमा सबैले देख्ने ठाउँहरूमा प्रकाशित गर्नु पर्दछ ।

तर विदेशस्थित नेपाली कूटनैतिक नियोग र कारागारमा रहने मतदान केन्द्रको सम्बन्धमा त्यस्तो सूचना क्रमशः सम्बन्धित नियोगरहेकै कार्यालय र कारागारभित्र प्रकाशित गर्नु पर्दछ ।

(२) उप-प्रकरण (१) बमोजिम सूचना प्रकाशित गर्दा कुन मतदान केन्द्रमा कुन कुन वडा वा वडाहरूका मतदाताहरूले मतदान गर्ने भन्ने तालिका पनि प्रकाशित गर्नु पर्दछ ।

६. मतपेटिका देखाउने : मतदान अधिकृतले मतदान कार्य शुरू हुनुभन्दा अघि मतदान केन्द्रमा उपस्थित व्यक्तिहरू र प्रकरण १२ को उप-प्रकरण (२) बमोजिमका व्यक्तिहरूको सामुन्नेमा रित्तो मतपेटिका देखाई मतपत्र मात्र छिर्न सक्ने प्वालसम्म बाँकी राखी अरू ठाउँमा सिलबन्दी गरी मुचुल्का गराउनु पर्दछ ।

तर मतदान केन्द्रमा प्रकरण १२ को उप-प्रकरण (२) बमोजिमका दुवै विचारधाराका व्यक्तिहरू उपस्थित नभई एकपक्षीय विचारधाराका व्यक्तिहरू मात्र उपस्थित रहेमा निजहरूलाई र निजहरू पनि उपस्थित नभएमा अन्य उपस्थित व्यक्तिहरूलाई रित्तो मतपेटिका देखाई मतदान अधिकृतले आफैले समेत राम्रोसंग हेरी मतपेटिका सिलबन्दी गर्नु पर्दछ ।

६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मतपेटिका रहने ठाउँ : प्रकरण ६ बमोजिम रित्तो मतपेटिका देखाई सिलबन्दी गरी सकेपछि मतदान केन्द्रभित्र सबैले देख्ने एउटा छुट्टै ठाउँमा मतपेटिका राख्नु पर्दछ ।

८. मत संकेत गर्ने कोठा वा ठाउँको व्यवस्था : मतदान गर्ने मतदाताले मतपत्रमा छाप लगाउने कामको लागि कसैले नदेख्ने एउटा गोप्य कोठा वा ठाउँको व्यवस्था गर्नु पर्दछ र प्रकरण ६ बमोजिमको व्यक्तिहरूको रोहवरमा उक्त गोप्य कोठा वा ठाउँको व्यवस्था गरिएको मुचुल्का गराउनु पर्दछ ।

९. मतपत्रको ढाँचा : (१) मतपत्रको ढाँचा अनुसूची–२ बमोजिम हुनेछ । त्यसमा आयोगको छुट्टै चिह्न पनि रहनेछ ।

(२) मतपत्रमा पञ्चायत व्यवस्था कायम राख्ने संकेतको लागि पहेंलो रङ्ग र बहुद‍ शासन व्यवस्था चाहने संकेतको लागि नीलो (आकाशे) रङ्ग राखिनेछ ।

(३) मतपत्रमा रहेको आयोगको चिह्नसम्बन्धी सूचना जनमत अधिकृतलाई दिइनेछ ।

१०. मतदान कार्यको सञ्चालन : मतदान अधिकृतले आयोगले तोकेको समयमा मतदान केन्द्रमा मतदाताहरू उपस्थित भए पनि वा नभए पनि मतदान कार्य गराउनको लागि तोकिएको समयभित्रै सबै व्यवस्था मिलाई आवश्यक कागज पत्रहरूसमेत तयार गरी राख्नु पर्दछ र मतदाताहरू मतदान गर्न आएपछि मतदान कार्य शुरू गराउनु पर्दछ । तोकिएको समयमा मतदान कार्य शुरू भएको कुराको मुचुल्का गराउनु पर्दछ ।

११. मतदातालाई मतदान गराउने : (१) मतदान अधिकृतले मतदाता नाम संग्रह नियमावली, २०३६ बमोजिमका मतदाताहरू र साथै जनमत संग्रह नियमावलीको नियम १२ बमोजिमका मतदाताहरू तथा आयोगका अन्य कर्मचारीहरूलाई मतपत्र दिई मतदान गराउनु पर्दछ ।

(२) विदेशस्थित नेपाली कूटनैतिक नियोगका मतदान अधिकृतले जनमत संग्रह नियमावलीको नियम १३ बमोजिमका मतदाताहरूलाई सोही नियमावली र यस निर्देशिका-बमोजिम मतपत्र दिई मतदान गराउनु पर्दछ ।

१२. मतपत्र दिने : (१) मतदान केन्द्रमा मतदान अधिकृतले मतदाता नामावलीमा नाम दर्ता भएको मतदातालाई निजको नामको अगाडिपट्टि यस्तो रेजा (✓) चिह्न लगाई मतपत्र दिनु पर्नेछ र मतपत्र दिंदा त्यस्ता मतदाताको दायाँ हातको बुढी औंलामा र बुढी औंला नभएमा मतदाताको कुनै देखिने ठाउँमा नउड्ने पक्की मसी वा रङ्गले धर्सोको चिह्न लगाई दिनु पर्दछ । मतपत्रमा मतदान अधिकृतको सही वा निजको नामको छाप वा निजको दस्तखतको छाप लागेको हुनु पर्ने हुनाले मतदान अधिकृतले आफ्नो सही गर्नु वा छाप लगाउनु पर्छ र मतपत्रमा त्यस्तो सही वा छाप भए नभएको हेरी सही वा छाप भएको मतपत्र मात्र दिनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-प्रकरण (१) बमोजिम मतदातालाई मतपत्र दिंदा पाएसम्म पञ्चायत व्यवस्था कायम राख्ने विचारका व्यक्तिहरूमध्येबाट कम्तीमा एकजना र बहुदलीय शासन व्यवस्था चाहने विचारका व्यक्तिहरूमध्येबाट कम्तीमा एकजनाले देख्ने गरी दिनुपर्छ।

(३) उप-प्रकरण (२) बमोजिम दुबै विचारधाराका व्यक्तिहरू मतदान केन्द्रमा उपस्थित नभई कुनै एकपक्षीय विचारधाराका व्यक्तिहरू मात्र उपस्थित भएमा निजहरूलाई र निजहरू पनि उपस्थित नभएमा वा त्यस्ता व्यक्तिहरू उपस्थित भए पनि रोहवरमा बस्न नचाहेमा अन्य उपस्थित जुनसुकै व्यक्तिहरूको रोहवरमा मतदान अधिकृतले मतदातालाई मतपत्र दिनु पर्दछ।

(४) मतदान अधिकृतले मतदाताहरूलाई मतपत्र दिंदा कुनै मतदाताले दोहऱ्याई मतदान गर्न आए नआएको समेत विचार गर्नु पर्दछ र यस्तो कुराको जाँच गर्न निजको दायाँ हातको बुढी औंलामा धर्सोको चिह्न लगाई सकेको छ छैन सोसमेत हेर्नु पर्दछ।

१३. लेखाई वा छपाईको कारणले सानोतिनो भूल भए पनि मतदान गर्न दिने : मतदाता नामावलीमा कुनै मतदाताको व्यहोरा लेखाई वा छपाईको कारणले इकार, उकार, रेफ, मात्रा आदिको सानोतिनो भूल भएको देखिन आएमा सो भूल मतदान गर्न आएको मतदाता कै सम्बन्धमा हो भन्ने कुरा मतदाताको बाबु वा पतिको नामसमेतको आधारमा मतदान अधिकृतलाई लागेमा सो सच्याई त्यस्तो मतदातालाई मतपत्र दिई मतदान गर्न दिनु पर्दछ।

१४. मत संकेत गर्ने तरीका : (१) मतदाताले मतपत्रमा मत संकेतको छाप लगाउँदा मतपत्रमा आफूले रोजेको पक्षको रङ्गमा अनुसूची–३ बमोजिमको "मत" भन्ने संकेत भएको आयोगको छाप लगाउनु पर्दछ।

(२) उप-प्रकरण (१) बमोजिम मतदाताले मतपत्रमा छाप लगाई मत संकेत गरी सकेपछि मत संकेत गरेको छाप भित्रपट्टि पर्ने गरी मतपत्रलाई पटचाई मतपेटिकामा खसाल्नु पर्दछ।

मतदातालाई सम्झाउने : मतदान अधिकृतले मतदातालाई मतपत्र दिएपछि मतपत्र लिने कुनै मतदाताले आफूले नबुझेको कुरा बुझ्न सम्झन खोजेमा मतदान अधिकृतले मत संकेतको छाप लगाउने र छाप लगाई सकेपछि मतपत्रलाई पटचाई मतपेटिकामा खसाल्ने तरीका प्रष्टसंग बताई दिनु पर्दछ।

तर मतदान अधिकृत वा मतदान केन्द्रका कर्मचारीले मतदातासंग निजले कुन पक्षलाई मतदान गर्ने हो सो कुरा सोध्नु हुँदैन र निजहरूले मतदातालाई यस पक्षमा मतदान गर भनी सिकाउनुसमेत हुँदैन।

१६. मतदाताहरूको लाइन लगाउने व्यवस्था गर्ने : (१) मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्ने मतदातामध्ये पुरुष र महिला मतदाताहरूको लागि छुट्टा छुट्टै लाइन लगाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था गर्नु पर्दछ। एकै मतदान केन्द्रमा एकभन्दा बढी मतपेटिका रहेकोमा मतपेटिका पिच्छे तद् अनुसार नै छुट्टा छुट्टै लाइन लगाउने व्यवस्था गर्नु पर्दछ।

तर कुनै महिला मतदाता पुरुष मतदाताको लाइनमा बस्न चाहेमा रोक्नु पर्दैन।

(२) मतदाताले मत संकेत गर्ने गोप्य कोठा वा ठाउँमा जाँदा र मतपेटिकामा मत खसाल्न जाँदा एक पटकमा एकजना मतदातालाई मात्र पठाउनु पर्दछ।

तर अन्धा वा अशक्त मतदाताले मत संकेत गर्ने ठाँउमा मतदान अधिकृत वा मतदान अधिकृतको सहायकलाई साथमा लैजान चाहेमा त्यस्तो मतदाताको साथमा मतदान अधिकृत वा निजको सहायक जान सक्नेछ। यसरी मतदान अधिकृत वा निजको सहायक मतदाताको साथमा जाँदा मतदातालाई फलानो पक्षमा मत संकेत गर वा यस ठा[illegible] छाप लगाउ भनी सिकाउनु हुँदैन। मतदाताले चाहेको ठाउँमा छाप लगाउने काममा मद्दत गर्नेसम्म हुन्छ।

(३) मतदाताहरूलाई मतपत्र दिंदा लाइनमा रहेका पुरुष तथा महिला मतदाताहरूलाई साधारणतया आलोपालो गरी मतपत्र दिई मतदान गराउनु पर्नेछ।

१७. मतदानको समय : मतदानको लागि तोकिएको समयभित्र मतदान केन्द्रमा प्रवेश गरी सकेका मतदाताहरूलाई जति समय लागे पनि मतदान गर्न दिनु पर्दछ। तर मतदान कार्यको लागि तोकिएको समय नाघेपछि आउने मतदातालाई मतदान केन्द्रभित्र प्रवेश गराउन र त्यस्ता मतदाताबाट मतदान गराउनु हुँदैन। मतदानको समय सकिएको कुराको पनि मुचुल्का गराउनु पर्दछ।

१८. नाम ढाँटी मतदान गर्न आएको कुराको विरोध परेमा गर्ने कारवाई : (१) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएको छ भनी सम्बन्धित मतदान केन्द्रको मतदाताले रू. ५।– धरौट राखी जनमत संग्रह नियमावलीको नियम १७ बमोजिम रीतपूर्वक विरोध गर्न आएमा मतदान अधिकृतले पनि यस सम्बन्धमा ठाडो बुझी विरोध ठीक ठहरेमा विरोध गरिएको व्यक्तिलाई मतदान गराउनु हुँदैन र विरोध गर्नेलाई धरौट फिर्ता गर्नुपर्छ। तर विरोध ठीक नठहरेमा धरौट जफत गरी आम्दानी बाँध्नु पर्दछ।

(२) कुनै व्यक्तिले नाम ढाँटी मतदान गर्न आएको छ भन्ने कुराको विरोध त्यस्तो व्यक्तिले मतपत्र लिनुभन्दा अगाडि नै परेको भएमा मात्र मतदान अधिकृतले कारवाई गर्नुपर्छ। मतपत्र लिइसकेपछि प्राप्त भएको विरोधउपर कुनै कारवाई गर्नु पर्दैन।

१९. मतदान स्थगित गर्नु परेमा अपनाउनु पर्ने कुरा : कुनै मतदान केन्द्रमा मतदान शुरू नहुँदै वा शुरू भई सकेपछि जनमत संग्रह नियमावलीको नियम २२ वा २४ मा लेखिएका कुनै कारणले मतदान स्थगित गर्नु पर्ने भएमा जुन कारणले मतदान स्थगति गर्नु परेको हो सोको विवरण खुलाई मतदान अधिकृतले प्रकरण १२ को उप-प्रकरण (२) बमोजिमका कम्तीमा चारजना व्यक्तिहरूको रोहवरमा मुचुल्का गराई सम्बन्धित जनमत अधिकृतलाई जानकारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनु पर्दछ र त्यसरी जानकारी पाएपछि जनमत अधिकृतले आयोगलाई तुरुन्त सूचना गर्नु पर्दछ र यथासम्भव चाँडो पुन: मतदान कार्य सम्पन्न गरी आयोगलाई तुरुन्त खबर गर्नु पर्दछ । यस्तो अवस्थामा सम्बन्धित जनमत अधिकृतले पनि सकभर त्यस्तो मतदान केन्द्रमा गई मतदान अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

२०. निरीक्षण गर्नु पर्ने : जनमत संग्रह नियमावलीको नियम २१ बमोजिम मतदान अधिकृतले मतदान केन्द्र र सोभित्र रहेको मत संकेत गर्ने गोप्य कोठा वा ठाउँको बरोबर निरीक्षण गर्नु पर्नेछ र ती ठाउँहरूमा कसैले कुनै अनुचित कार्य गर्न लागेको देखिएमा त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले तुरुन्त मतदान केन्द्र वा मत संकेत गर्ने गोप्य कोठा वा ठाउँबाट बाहिर निष्काशन गर्नु पर्दछ ।

२१. मतपेटिका बन्द गर्दा अपनाउनु पर्ने कार्यविधि : (१) मतदान केन्द्रमा मतदानको कार्य सकिए पछि सम्बन्धित मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित व्यक्तिहरूमध्ये कम्तीमा दुईजनाको रोहवरमा मतपेटिकाको बिर्कोको प्वाल बन्द गर्नु पर्दछ । मतपेटिकाको बिर्कोको प्वाल लाहाछाप नफोडी खोल्न नहुने गरी अनुसूची–४ बमोजिमको स्वस्तिक चिह्न भएको आयोगको लाहाछाप र रोहवरका व्यक्तिहरूले पनि लाहाछाप लगाउने इच्छा गरेमा निजहरूमध्ये दुईजनासम्मको लाहाछाप लगाउनु पर्दछ । रोहवरमा राख्दा प्रकरण १२ को उप-प्रकरण (२) बमोजिमका व्यक्तिहरू राख्नु पर्दछ ।

तर प्रकरण १२ को उप-प्रकरण (२) बमोजिम दुवै विचारधाराका व्यक्तिहरू मतदान केन्द्रमा उपस्थित नभई एकपक्षीय विचारधाराका व्यक्तिहरू मात्र उपस्थित भएमा निजहरूको र निजहरू पनि उपस्थित नभएमा वा उपस्थित भए पनि रोहवरमा बस्न नचाहेमा वा रोहवरमा बसेर पनि लाहाछाप लगाउन नचाहे सोमध्ये दुईजनासम्मको लाहाछाप लगाउनु पर्दछ । रोहवरमा रहेका वा उपस्थित व्यक्तिहरू कसैले पनि लाहाछाप लगाउन नचाहेमा मतदान अधिकृतले आयोगको लाहाछाप मात्र लगाउनु पर्दछ ।

(२) मतपत्र दिंदा प्रयोग भएको मतदाता नामावली, मतपेटिकाबाहिर खसेका मतपत्र, बाँकी मतपत्र र जनमत संग्रहसम्बन्धी मुचुल्काहरू तथा अन्य कागजातहरू छुट्टा छुट्टै खामबन्दी गरी मतदान अधिकृतले उप-प्रकरण (१) बमोजिमको लाहाछाप र रोहवरमा बस्ने व्यक्तिहरूले चाहेमा निजहरूमध्ये दुईजनासम्मको लाहाछाप लगाउनु पर्दछ ।

(३) विदेशस्थित नेपाली कूटनैतिक नियोगमा रहेको मतदान केन्द्रमा मतपेटिकाको बिर्कोको प्वाल बन्द गर्दा र उप-प्रकरण (२) बमोजिमका कागजातहरू सिलबन्दी गर्दा कूटनैतिक नियोगको प्रमुख वा त्यस्ता नियोगको वरिष्ठ कर्मचारीको रोहवरमा मतदान अधिकृतले आयोगबाट पठाएको लाहाछाप लगाउनु पर्दछ ।

२२. मतपेटिका पठाउने : (१) प्रकरण २१ बमोजिम मतपेटिका र अन्य कागजातहरू सिलबन्दी गरी सकेपछि मतदान अधिकृतले उक्त मतपेटिका र कागजातहरू सुरक्षा कर्मचारीसहित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथ लिई सुरक्षापूर्वक सम्बन्धित जनमत अधिकृतलाई यथाशक्य चाँडो बुझाउनु पर्दछ ।

(२) विदेशस्थित कूटनैतिक नियोगमा मतपेटिका र अन्य कागजातहरू सिलबन्दी गरी सकेपछि सम्बन्धित नियोगको मतदान अधिकृतले कूटनैतिक पहुँचद्वारा उक्त मतपेटिका र कागजातहरू सुरक्षासाथ यथाशक्य चाँडो परराष्ट्र मन्त्रालय मार्फत् आयोगमा पठाउनु पर्दछ ।

(३) उप-प्रकरण (१) बमोजिम मतदान अधिकृतले मतपेटिका र सिलबन्दी कागजातहरू जनमत अधिकृतसमक्ष बुझाउन लैजाँदा पञ्चायत पक्षका र बहुदल पक्षका व्यक्तिहरू पनि साथमा आउन चाहेमा निजहरूलाई आउन दिनु पर्दछ ।

(४) उप-प्रकरण (३) बमोजिमका व्यक्तिहरू मतपेटिका राखिएको ठाउँको व[illegible] बस्न चाहेमा प्रत्येक पक्षका चार चार जनासम्म व्यक्तिहरूलाई उक्त मतपेटिका राखिएको ठाउँ वरपर बस्न दिनु पर्दछ ।

२३. मतपेटिका खोल्ने तरीका : (१) मतगन्तीको काम शुरू गर्न आयोगले छुट्टै निर्देशन दिने छ ।

(२) मतगन्ती शुरू गर्नुभन्दा पहिले मतगन्ती गर्ने ठाउँमा उपस्थित रहेका व्यक्तिहरूलाई मतपेटिकामा लागेको लाहाछाप ठीक हालतमा रहे नरहेको जँचाउनु पर्दछ । त्यसरी जँचाई सकेपछि त्यसको मुचुल्का गराई उपस्थित सबैको सामुन्नेमा मतपेटिकाको लाहाछाप फोडी मतपेटिकाबाट मतपत्रहरू खन्याई मतपेटिका रित्तो पारी देखाउनु पर्दछ ।

(३) मतपेटिकाबाट मतपत्र खन्याई सकेपछि प्रत्येक मतपेटिकाको मतपत्रहरू उल्टो पारी कुन केन्द्रको मतपेटिकाबाट कति थान मतपत्रहरू खन्याइएको भन्ने कुरा टिपोट गरी राख्नु पर्दछ । सबै मतपेटिकाहरू एकैपटक नखोली एकपटकमा गन्ती गर्न सकिने जति मतपेटिकाहरूसम्म खोली मतपत्रहरू छासमिस गर्नु पर्दछ ।

२४. सदर वा बदर भएका मतपत्रहरू छुट्याउने : (१) प्रकरण २३ बमोजिम मतपेटिकाको लाहाछाप फोडी मतपत्रहरू बाहिर झिकेपछि मतगन्ती गर्ने स्थानमा उपस्थित व्यक्तिहरूको सामुन्नेमा उक्त मतपत्रहरूमध्ये जनमत संग्रह नियमावलीको नियम १६ लाई ध्[illegible]ा राखी बदर भएका मतपत्रहरू छुट्टै राखी सदर भएका मतपत्रहरूमध्ये पञ्चायत पक्षमा र बहुदल पक्षमा परेका मतपत्रहरू पनि छुट्याई मतगन्ती गर्नु पर्दछ ।

(२) उप-प्रकरण (१) बमोजिम सदर वा बदर भएका मतपत्रहरू छुट्याउँदा रोहबरमा रहेका व्यक्तिहरूमध्ये कसैले कुनै मतपत्र सदर वा बदर हुनु पर्ने भनी विवाद उठेमा जनमत अधिकृतले जनमत संग्रह नियमावलीको नियम १६ र प्रकरण (५) मा लेखिएको कुरालाई ध्यानमा राखी सो सम्बन्धमा निर्णय गरी विवादको समाधान गर्नु पर्दछ ।

(३) मतदाताले मतपत्रमा मत संकेत गर्नको लागि छाप लगाउँदा मत संकेत गर्ने निश्चित स्थानमा छापको अधिकांश भाग परेमा त्यस्तो मतपत्र सदर मान्नु पर्दछ ।

६९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-प्रकरण (१) बमोजिम सदर वा बदर भएका मतपत्रहरू छुटयाउँदा मतपत्रमा मत संकेत गरेको छाप मतपत्र पटयाउँदा अन्यत्र लतपतिई लागेको रहेछ र मतदाताले यसै चिह्नमा छाप लगाएको हो भन्ने बुझिने रहेछ भने जुन रङ्गमा मत संकेत छाप लागेको छ सोही सदर गर्नु पर्दछ, छाप मसी लतपतिएको मात्र कारणले मतपत्र बदर गर्नु हुँदैन।

(५) मतपत्रमा आयोगले राखेको मत भन्ने छाप लगाउँदा मतदाताले पूरा छाप लगाउन नजानी वा मसी राम्रो नलागेबाट पूरै छाप नआई म भन्ने मात्र वा त भन्ने मात्र वा ती अक्षरको केही भाग मात्र मतपत्रमा लागेको रहेछ भनेबाट छाप नबुझिने सम्झी उसै रङ्गमा पुनः छाप लगाएको रहेछ भने त्यस्तो मतपत्र बदर गर्न हुँदैन।

मतगन्ती : (१) प्रकरण २२ बमोजिम मतपेटिकाहरू प्राप्त भएपछि सम्बन्धित जनमत अधिकृतले पाएसम्म पञ्चायत व्यवस्था कायम राख्न चाहने पक्षका कम्तीमा दुईजना र बहुदलीय शासन व्यवस्था चाहने पक्षका कम्तीमा दुईजना व्यक्तिहरूको रोहवरमा मतगन्ती गर्नु पर्दछ। एक पक्षका व्यक्तिहरू मात्र पाइएको खण्डमा सो पक्षका दुईजना र स्थानीय व्यक्तिहरूबाट दुईजना व्यक्तिहरूको रोहवरमा मतगन्ती गर्नु पर्दछ। दुवै पक्षका व्यक्तिहरू नपाइएमा स्थानीय व्यक्तिहरूमध्येबाट बढीमा चारजनाको रोहवरमा मतगन्ती गर्नु पर्दछ। मतगन्ती गर्दा मतपेटिकाहरूमा लागेको लाहाछाप फोडी सबै मतपेटिकाहरू घोप्टचाई मतपत्रहरू छासमिस गरी मिसाएपछि उपरोक्तबमोजिम रोहवरमा बसेका व्यक्तिहरूको सामुन्नेमा मतगन्ती गर्नु पर्दछ।

(२) जनमत अधिकृतले मतगन्ती गर्ने ठाउँ यकीन गर्दा हो हल्ला नहुने, शान्त वातावरण भएको ठाउँ र त्यहाँ चाहिने आवश्यक बिजुली बत्ती, मैनटोल, लालटीन, मैनबत्ती वा अन्य कुनै बत्तीको साथै अरू आवश्यक मालसामान र सुरक्षाको समेत उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(३) मतगन्ती गर्ने ठाउँमा जनमत अधिकृतले अनुमति दिएका सम्बन्धित कर्मचारी र रोहवरमा राखिने व्यक्तिहरूबाहेक अरू व्यक्तिलाई बस्न दिनु हुँदैन र त्यस्तो ठाउँमा अनाधिकार बसी मतगन्तीको काममा बाधा उत्पन्न गर्ने वा त्यस्तो गर्ने उद्योग गर्ने जोसुकैलाई जनमत अधिकृतले उक्त ठाउँबाट निष्काशन गर्नु पर्दछ। रोहवरमा रहेको व्यक्तिले मतगन्तीको काममा बाधा उत्पन्न गरेमा त्यस्तो व्यक्तिलाई जनमत अधिकृतले मतगन्ती गर्ने ठाउँबाट निष्काशन गरी निज जुन पक्षको विचारधाराको व्यक्ति हो सोही पक्षको विचारधाराको अर्को व्यक्तिलाई रोहवरमा राख्नु पर्दछ र त्यस्तो व्यक्ति नपाइएमा अर्को कुनै व्यक्तिलाई रोहवरमा राख्नु पर्दछ।

(४) मतगन्तीको काम सकिए पछि पञ्चायत व्यवस्था कायम राख्ने पक्षमा र बहुदलीय शासन व्यवस्था चाहने पक्षमा कति कति मत संख्या देखिन्छ सोको प्रष्ट विवरण खुलाई मतगन्ती गरी रोहवरमा रहेका व्यक्तिहरूबाट मुचुल्का गराउनु पर्दछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. मतपत्र छुन नदिने : मतगन्ती गर्दा जनमत अधिकृतले सो कामको लागि अनुमति दिएका सम्बन्धित कर्मचारीलाइबाहेक अन्य व्यक्तिलाई मतपत्र छुन दिनु हुँदैन । तर मतगन्ती गर्ने ठाउँमा रोहवरमा रहेका व्यक्तिहरूलाई मतपत्र देखाउँदा कुन पक्षलाई परेको हो सो प्रष्ट रूपमा देखिने गरी मतपत्र देखाउनु पर्नेछ ।

२७. जनमत संग्रहको क्षेत्रीय परिणाम तालिका आयोगमा पठाउने : (१) प्रकरण २५ बमोजिम मतगन्तीको काम सकिने बित्तिकै सम्बन्धित जनमत अधिकृतले आफ्नो क्षेत्रअन्तर्गतको जनमत संग्रहको परिणाम तालिका अनुसूची–५ बमोजिमको फाराममा भरी दुई प्रति तयार गरी एक प्रति यथाशक्य छिटो साधनद्वारा सुरक्षापूर्वक आयोगमा तुरुन्त पठाउनु पर्दछ।

(२) उप-प्रकरण (१) बमोजिमको परिणाम तालिका आयोगमा पठाइसके सम्बन्धित जनमत अधिकृतले आफ्नो क्षेत्रको मतदान केन्द्रहरूअन्तर्गतको जम्मा मतदाता संख्या, जम्मा खसेको मत संख्या र जम्मा बदर भएको मत संख्या आदि सबै प्रष्ट देखिने गरी अनुसूची–६ बमोजिमको फाराममा भरी मतदानको फाँटवारीसमेत तयार गरी पठाउनु पर्दछ ।

(३) उप-प्रकरण (१) र (२) मा लेखिएबमोजिम तालिका र फाँटवारीको अतिरिक्त जनमत अधिकृतले आफ्नो क्षेत्रअन्तर्गतको जनमत संग्रहको परिणाम आ. वा. द्वारा तुरुन्त आयोगमा पठाउनु पर्दछ । सो पठाउँदा जम्मा मतदाता संख्या, मतदान भएको संख्या, बदर भएको मत संख्या, तथा सदर मत संख्यामध्ये पञ्चायत व्यवस्था कायम राख्न चाहने पक्षले पाएको मत संख्या र बहुदलीय शासन व्यवस्था चाहने पक्षले पाएको मत संख्या प्रष्ट उल्लेख हुनु पर्दछ ।

२८. मतदाता नामावलीको नक्कल सार्न दिने : (१) कुनै व्यक्तिले मतदाता नामावलीको नक्कल लिन चाहेमा सम्बन्धित क्षेत्र कार्यालयले प्रति पानाको रू. –।१० पैसा दस्तूर लिई निजले चाहेको मतदाता नामावलीको नक्कल सार्न दिनु पर्दछ । तर निवेदन दस्तूर लाग्ने छैन ।

(२) उप-प्रकरण (१) बमोजिम मतदाता नामावलीको नक्कल सार्न दिंदा मतदाता नामावलीमा कुनै थपघट वा केरमेट हुन नदिन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

(३) माथिका उप-प्रकरणहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको क्षेत्र कार्यालयले मतदान हुनुभन्दा सातदिन अघिसम्म परेको निवेदनउपर मात्र कारवाई गरी मतदाता नामावलीको नक्कल सार्न दिनु पर्दछ । त्यसपछि परेको निवेदनउपर कुनै कारवाई गर्न हुँदैन ।

२९. विदेशस्थित मतदान अधिकृतले अपनाउनु पर्ने कार्यविधि: विदेशस्थित नेपाली कूटनैतिक नियोगका मतदान अधिकृतले मतदान गराउँदा जनमत संग्रह नियमावली र यस निर्देशिकामा

६९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिएका कार्यविधिहरू स्थानीय परिस्थिति अनुसार सम्भव भएसम्म मात्र अपनाउनु पर्दछ ।

३०. आयोगबाट तोकिएको जनमत अधिकृतले अपनाउनु पर्ने कार्यविधि: विदेशस्थित नेपाली कूटनैतिक नियोगहरूबाट आयोगमा प्राप्त हुन आएका मतपेटिकाहरूको मतगन्ती गर्दा आयोगबाट तोकिएको जनमत अधिकृतले आयोगले तोकेको नेपाल अधिराज्यभित्रको कुनै एक मतदान केन्द्रको मतपत्रहरूसित छासमिस गरी मतगन्ती गर्नु पर्दछ ।

३१. रोहवरमा राख्ने बारे: (१) जनमत संग्रहको कामको सिलसिलामा रोहवरमा बस्न चाहने पञ्चायत व्यवस्था कायम राख्ने विचारका र बहुदलीय शासन व्यवस्था चाहने विचारका व्यक्तिहरूले जनमत संग्रहको लागि तोकिएको दिनको घटिमा दुईदिन अगावै निवेदन दिनु पर्नेछ ।

(२) उप-प्रकरण (१) बमोजिम निवेदन दिंदा प्रकरण ६, ८, १२, १९ र २१ को प्रयोजनको लागि रोहवरमा बस्न चाहने व्यक्तिहरूले मतदान अधिकृतसमक्ष र प्रकरण २३, २४ र २५ को प्रयोजनको लागि रोहवरमा बस्न चाहने व्यक्तिहरूले जनमत अधिकृत-समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उप-प्रकरण (१) वा (२) बमोजिम निवेदन पर्दा रोहवरमा बस्न चाहने दुवै पक्षका विचारधाराका व्यक्तिहरू तोकिएको संख्याभन्दा बढी हुन आएमा सम्बन्धित जनमत अधिकृत वा मतदान अधिकृतले सकभर आपसी कुराकानीद्वारा रोहवरमा राखिने व्यक्तिहरूको निर्णय गर्नु पर्दछ । तर सोबमोजिम निर्णय हुन नसकेमा गोला हाली निर्णय गर्नु पर्दछ ।

३२. विदेशको लागि मतपेटिका: विदेशस्थित नेपाली कूटनैतिक नियोगमा रहने मतदान केन्द्रको लागि आयोगबाट पठाइने विशेष किसिमको खामलाई सम्बन्धित मतदान अधिकृतले मतपेटिकाको रूपमा प्रयोग गर्नु पर्दछ ।

३३. मतदान केन्द्र सार्नु परेमा: कुनै मतदान केन्द्रमा अशान्ति वा हुल दङ्गा भई वा अन्य त्यस्तै कारण परी तोकिएको ठाउँबाट मतदान केन्द्र नसारी नहुने अवस्था पर्न गएमा, सम्बन्धित मतदान अधिकृतले सो कुराको मुचुल्का गरी अर्को नजीकको ठाउँमा मतदान केन्द्र सार्न सक्नेछ । त्यसरी मतदान केन्द्र सारे पछि मतदान अधिकृतले सो कुराको सूचना यथाशीघ्र जनमत अधिकृत तथा आयोगमा समेत दिनु पर्दछ ।

३४. जनमत संग्रहसम्बन्धी काममा अञ्चल प्रशासन तथा स्थानीय प्रशासनको दायित्व: (१) अञ्चलाधीशले सामान्यतया आफ्नो अञ्चलभरी उप-प्रकरण (२), (३), (४) र (५) बमोजिमको व्यवस्था सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट भए नभएको कुराको आवश्यक रेखदेख गर्नु पर्नेछ । कुनै ठाउँमा त्यस्तो व्यवस्था भएको नदेखिएमा अञ्चलाधीशले सो व्यवस्था तत्कालै मिलाउन लगाउनु पर्ने वा स्वयं मिलाई दिनु पर्नेछ । उपरोक्त बमोजिमको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था यथासमयमै हुन दिन अञ्चलाधीशले आफ्नो अञ्चलभरीका प्रमुख जिल्ला अधिकारीहरूलाई पूर्व निर्देशनसमेत दिनु पर्नेछ ।

(२) प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभरीको मतदान केन्द्र तथा मतगन्ती गर्ने ठाउँमा र साथै मतपेटिका ल्याउँदासमेत शान्ति सुरक्षाको उपयुक्त व्यवस्था गर्नु पर्नेछ ।

(३) जनमत अधिकृत तथा मतदान अधिकृतले जनमत संग्रहको कामको लागि आवश्यक पर्ने स्थानीय कर्मचारीहरूको माग गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्ता कर्मचारीहरूको बन्दोबस्त गरी दिनु पर्नेछ।

(४) मतदान कार्य सम्पन्न गराउन वा मतगन्तीको काम गर्नको लागि आयोग पठाइने सरसामानबाहेक पाल, सायर, बत्ती, टेबुल, मेच तथा त्यस्तै अन्य सरसामानहरू प्रमुख जिल्ला अधिकारीले जनमत अधिकृत तथा मतदान अधिकृतलाई उपलब्ध गराई दिनु पर्नेछ । जनमत संग्रहको कामको सिलसिलामा विशेष गरी मतदानको दिनमा जनमत अधिकृतको लागि मोटर सवारी चल्ने ठाउँमा मोटरको र अन्यत्र ठाउँमा घोडा वा अन्य सवारी साधनको प्रबन्ध प्रमुख जिल्ला अधिकारीले गर्नु पर्दछ ।

(५) मतदान कार्य र मतगन्ती गर्ने कार्यको लागि आवश्यक ठाउँको व्यवस्थासमेत प्रमुख जिल्ला अधिकारीले गरी दिनु पर्नेछ ।

३५. मुचुल्काको ढाँचा : यस निर्देशिकाबमोजिम गरिने मुचुल्काहरूको ढाँचा अनुसूची–७ मा तोकिएबमोजिम हुनेछ ।


६१६

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


## अनुसुचि-१ (क)
(प्रकरण ३(६) संग सम्वन्धित)

## मतदान केन्द्रको ढाँचा




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

## अनुसुचि – १ (ख)
### (प्रकरण ३ (६) संग सम्बन्धित)
### मतदान केन्द्रको ढाँचा
(उप-केन्द्र सहित)




६१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराएपछि मात्र लागु हुनेछ।


मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची– २

(प्रकरण ६ संग सम्बन्धित)

**मतपत्रको ढाँचा**




द्रष्टव्यः– चार इञ्च लम्बा चार इञ्च चौडा कागजमा बीचमा सीमा रेखा राखी सो रेखाको एकपट्टि पंहेलो र एकपट्टि नीलो (आकाशे) रङ्ग राखिनेछ र आयोगको चिन्ह पनि लगाइनेछ।

६१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

(प्रकरण १४ संग सम्बन्धित)

**मत संकेत गर्ने छापको नमूना**

[ मत ]

620

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसुचि - ४
(प्रकरण २१ (१) संग सम्बन्धित)
आयोगको लाहाछापको नमूना



६२१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५

(प्रकरण २७ (१) संग सम्बन्धित)

राष्ट्रिय चुनाव आयोग

......... क्षेत्र कार्यालय

मतदान परिणाम तालिका

६२२

अञ्चलः–                                    जिल्लाः–

| सि.नं. | नगर पञ्चायत वा गाउँ पञ्चायतको संख्या | मतदान केन्द्रको संख्या | जम्मा मतदाता संख्या | खसेको मतको | | बदर भएको मतको | | सदर भएको मतको | | पञ्चायत पक्षमा परेको मतको | | बहुदल पक्षमा परेको मतको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| | | | | | | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६

(प्रकरण २७ (२) संग सम्बन्धित)

राष्ट्रिय चुनाव आयोग

मतदानको फाँटवारी

अञ्चलः–　　　　जिल्लाः–

| सि. नं. | नगर पञ्चायत वा गाउँ पञ्चायत | मतदान केन्द्र | जम्मा मतदाता संख्या | खसेको मतको | | बदर भएको मतको | | सदर भएको मतको | | पञ्चायत पक्षमा परेको मतको | | बहुदल पक्षमा परेको मतको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |

द्रष्टव्य :– यो फाराम भर्दा प्रत्येक पञ्चायतको नाम उल्लेख गरी सो पञ्चायतअन्तर्गत कति मतदान केन्द्रहरू छन् र प्रत्येक मतदान केन्द्रमा कति मतदाता छन्, कति मत खसेको छ, सबै खुलाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२३

अनुसूची–७
(प्रकरण ३५ संग सम्बन्धित)
मुचुल्काको ढाँचा

१. प्रकरण ४ संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरूको रोहवरमा . . . . . . . अञ्चल . . . . . . जिल्ला . . . . . . . . . . . . . पञ्चायतअन्तर्गतको वडा नं. . . . . . मा रहेको . . . . . . . . . मतदान केन्द्रको मतदान अधिकृतले उक्त मतदान केन्द्रको क्षेत्र तोकी दिएकोले यो मुचुल्का गरी दियौं।

तपसील

१.
२.

इति सम्वत् २०३७ साल . . . . . . . . . महीना . . . . . . . . . गते रोज . . . . . . शुभम्——

२. प्रकरण ६ संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरूको रोहवरमा . . . . . . . . . अञ्चल . . . . . जिल्ला . . . . . . . . . . . पञ्चायतअन्तर्गतको वडा नं. . . . . . मा रहेको . . . . . . . . . . मतदान केन्द्रका मतदान अधिकृतले रित्तो मतपेटिकामा मतपत्र मात्र छिर्न सक्ने प्वालसम्म बाँकी राखी अरु ठाउँमा सिलबन्दी गराएको ठीक साँचो हो भनी यो मुचुल्का गरी दियौं।

तपसील

१.
२.

इति सम्वत् २०३७ साल . . . . . . . . गते रोज . . . . . . . . . शुभम् ——

३. प्रकरण ८ संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरूको रोहवरमा . . . . . . . . अञ्चल . . . . . जिल्ला . . . . . . . . . . . . . अन्तर्गतको वडा नं. . . . . मा रहेको . . . . . . . . मतदान केन्द्रमा मत संकेत गर्ने गोप्य कोठा। ठाउँको व्यवस्था गरिएकोले यो मुचुल्क गरिदिएका छौं।

तपसील

१.
२.

इति सम्वत् २०३७ साल . . . . . . . . गते रोज . . . . . शुभम् ——

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. प्रकरण १० संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरूको रोहवरमा ......... अञ्चल ..... जिल्ला .......... पञ्चायतअन्तर्गतको वडा नं. ......... मा रहेको .......... मतदान केन्द्रमा बिहान ...... बजेदेखि मतदान कार्य शुरू भएकोले यो मुचुल्का गरी दियौं।

तपसील

१.

२.

इति सम्वत् २०३७ साल ........... गते रोज ......... शुभम ——————

५. प्रकरण १२ (२) संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे .......... अञ्चल ........ जिल्ला .......... पञ्चायतअन्तर्गतको वडा नं. ......... मा रहेको .......... मतदान केन्द्रका मतदान अधिकृतले हामीले देख्ने ठाउँमा मतदाताहरूलाई मतपत्र दिने व्यवस्था गरेको ठीक साँचो हो भनी सहीछाप गरी दियौं।

तपसील

१.

२.

इति सम्वत् २०३७ साल ............... गते रोज ......... शुभम् ————

६. प्रकरण १७ संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे .......... अञ्चल ........ जिल्ला .......... पञ्चायतअन्तर्गत वडा नं. ...... मा रहेको ........ मतदान केन्द्रमा साँझ ...... बजे मतदानको समय सकिएकोले यो मुचुल्का गरी दियौं।

तपसील

१.

२.

इति सम्वत् २०३७ साल ........... गते रोज ......... शुभम् ————

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

६२२

७. प्रकरण १९ संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे.......... अञ्चल ........ जिल्ला .......... पञ्चायतअन्तर्गतको वडा नं. .......... मा रहेको .......... मतदान केन्द्रमा ............................................................. कारणले गर्दा मतदानको कार्य स्थगित गर्नु परेकोले यो मुचुल्का गरी दियौं ।

तपसील

१.
२.
३.
४.

इति सम्वत् २०३७ साल .......... गते रोज ........ शुभम् ———

८. प्रकरण २१ (१) संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे .......... अञ्चल ........ जिल्ला .......... पञ्चायतअन्तर्गतको वडा नं. ........ मा रहेको ........ मतदान केन्द्रमा मतदानको कार्य सकिएपछि हाम्रो रोहवरमा मतपेटिकाको बिर्कोको प्वाल बन्द गरिएको कुरा ठीक साँचो हो भनी सहीछाप गरी दियौं ।

तपसील

१.
२.

इति सम्वत् २०३७ साल .......... गते रोज ........ शुभम् ———

९. प्रकरण २३ (२) संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे .......... अञ्चल ........ जिल्लाअन्तर्गतका मतदान केन्द्रहरूबाट प्राप्त हुन आएका मतपेटिकाहरूमा लागेको लाहाछापहरू हाम्रो रोहवरमा जाँच गर्दा उक्त लाहाछापहरू ठीक हालतमा रहेकोले । नरहेकोले यो मुचुल्का गरी दिएका छौं ।

तपसील

१.
२.
३.
४.

इति सम्वत् २०३७ साल.......... गते रोज .......... शुभम् ———

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. प्रकरण २५ (१) संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे .......... अञ्चल ........ जिल्ला ............. अन्तर्गतका मतदान केन्द्रहरूको मतपेटिकाहरूको मतपत्र हाम्रो रोहवरमा गन्ती गरिएको ठीक साँचो हो भनी सहीछाप गरी दिएका छौं ।

तपसील

१.
२.
३.
४.

इति सम्वत २०३७ साल ............. गते रोज ......... शुभम् ---------

११. प्रकरण २५ (४) संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरूको रोहवरमा ..... अञ्चल ...... ......... जिल्लाअन्तर्गतको मतदान केन्द्रहरूको मतगन्ती गर्दा जम्मा सदर मत संख्या ......... जम्मा बदर मत संख्या ....... र सदर मत संख्यामध्ये पञ्चायत व्यवस्था कायम राख्ने पक्षमा ........ र बहुदलीय शासन व्यवस्था चाहने पक्षमा .... मत परेको देखिएकोले यो मुचुल्का गरी दियौं ।

तपसील

१.
२.
३.
४.

इति सम्वत् २०३७ साल ............. गते रोज ........ शुभम् ---------

१२. प्रकरण ३३ संग सम्बन्धित

लिखितम् हामी तपसीलका मानिसहरू आगे ........ अञ्चल ........ जिल्ला ............ पञ्चायतअन्तर्गतको वडा नं. ......... मा रहेको ... मतदान केन्द्र ................................................ ................................ कारणले गर्दा ...... ठाउँबाट ............ ठाउँमा सार्नु पर्ने अवस्था आई परेकोले यो मुचुल्का गरी दियौं ।

तपसील

१.
२.

इति सम्वत् २०३७ साल ............. गते रोज ........ शुभम् ---------

आज्ञाले–
कृष्णप्रसाद घिमिरे
सदस्य-सचिव
राष्ट्रिय चुनाव आयोग

श्री ५ को सरकारको छापाखाना सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।